आज मिति २०८२।०६।२४ गते (ने.स.११४५ कौलागा चतुर्दशी) शुक्रबारका दिन बिहानको १०:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८२/८३ को पाँचौ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | Asha |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| कपिल पाण्डे | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| लक्ष्मी के.सी. कार्की | कार्यालय सहयोगी | |
| प्रेम पराजुली | सहायक लेखा अधिकृत | |
| | | |
| | | |

**निर्णय नं १ :**

प्रस्ताव नं १ उपर छलफल गर्दा कार्यपालिकाको पूर्व निर्णयहरुको समीक्षा गर्दा अधिकांश निर्णयहरु कार्यन्वयन भइरहेको पाइयो ।

**निर्णय नं २:**

प्रस्ताव नं २ उपर छलफल गर्दा आ.व. २०७९/८० मा संघीय सरकारबाट विशेष अनुदानको लागि स्वीकृत प्रभा मा.वि.मा भवन निर्माणको लागि जयलक्ष्मी-अभिनव जे.भी. बाग्लुङसंग सम्झौता गरिएको र मिति २०८१।०१।१० गतेको कार्यपालिका बैठकले मिति २०८२ कार्तिक महिना सम्मको म्याद थप्ने निर्णय गरेको र विविध कारणले निर्धारित समय सिमामा निर्माण सम्पन्न गर्न नसक्ने भनी सो निर्माण कम्पनीले २०८२ पौष मसान्त सम्म म्याद थपको लागि निवेदन पेश गरेको हुँदा सोही वमोजिम म्याद थप गर्ने ।

**निर्णय नं ३:**

प्रस्ताव नं ३ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिका वडा नं ०६ पुनहिलमा भएको संरचना मर्मतका लागि प्राविधिकबाट मुल्याङ्कन गराई आवश्यक सामग्री खरिद तथा मर्मत गर्ने ।

**निर्माण नं ४ :**

प्रस्ताव नं ४ उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने ।

१) ७ नं वडा कार्यालय, हिस्तानको प.स. २०८२/८३, चलानी नं ७९, मिति २०८२।०५।०८ को आर्थिक सहयोग गरिदिने बारेको सिफारिस अनुसार अन्नपूर्ण गाउँपालिका वडा नं ७ स्थित घराम्दी टोल बस्ने कुमार पुर्जा र निजको श्रीमती तुलमाया पुर्जालाई मिति २०८२।०५।०७ गतेका दिन स्थानिय वनमा टुसा टिप्ने क्रममा अचानक भालुले आक्रमण गरी टाउको, अनुहार, पेट तथा हातमा समेत चोट लागेको र निजहरुको उपचार गर्न आर्थिक अवस्था कमजोर रहेको भनी सिफारिस प्राप्त भएकाले निजहरुलाई जनही रु २५/२५ हजारको दरले **'अन्य आर्थिक सहायता"** शिर्षकबाट आर्थिक सहायता दिने ।

२) ४ नं वडा कार्यालय, नारच्याङको प.स. २०८२।८३, चलानी नं ५०, मिति २०८२।०५।०५ सिफारिस अनुसार मिति २०८२।०४।२९ गते परेको अविरल बर्षाको कारण कोप्चेपानी र पैरोथाप्ला जोड्ने पर्यटन पदमार्ग पूर्ण रुपमा क्षती भइ त्यहाको बासिन्दाहरु,

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

आन्तरिक र वाह्य पर्यटकहरुलाई आवतजावत गर्न असहज भएकाले प्राविधिकको लागत इष्टिमेट अनुसार कार्यसम्पन्न गर्न लगाई 'प्रकोप व्यवस्थापन कोष' वाट भुक्तानी गर्ने ।

३) यस गाउँपालिका क्षेत्र भित्र रहेका प्रहरी चौकीहरुको लागि सवारी मर्मत तथा अन्य सामग्री खरिद खर्च बापत प्रति प्रहरी चौकी रु १०,००० को दरले जम्मा रु ५०,०००।– र गाउँपालिकामा रहेको शसस्त्र प्रहरी वल नेपालको लागि सवारी मर्मत तथा ईन्धन, अन्य सामग्री खर्च बापत रु २०,०००/- दरले **'अन्य आर्थिक सहायता"** शिर्षकवाट आर्थिक सहायता दिने।

४) ६ नं वडा कार्यालय, घारको प.स. २०८२।८३, चलानी नं २३३, मिति २०८२।०६।०७ गतेको राहत उपलब्ध गराईदिने सम्बन्धी सिफारिस अनुसार मिति २०८२।०५।३१ गतेको अविरल बर्षाको कारणले वडा नं ६ बस्ने धन बहादुर वरुवालको ढुङ्गा, माटो, काठले वनाएको २ तले कच्ची घर भत्किएको प्रहरी सर्जमिन मुजुल्का समेत प्राप्त भएकाले निज धन वहादुर बरुवाललाई रु २०,०००/- ( अक्षेरुपी बीस हजार मात्र) **'प्रकोप व्यवस्थापन कोष'**बाट आर्थिक सहायता प्रदान गर्ने ।

५) ३ नं वडा कार्यालय, दानाको प.स. २०८१।८२, चलानी नं १०३, मिति २०८१।०५।१७ गतेको राहत उपलब्ध गराईदिने सम्बन्धी सिफारिस अनुसार मिति २०८१।०५।१२ गतेको अविरल बर्षाको कारणले वडा नं ३ दाना निवासी चन्द्रमति पुर्जाको ढुङ्गा, माटो, काठले वनाएको २ तले कच्ची घर भत्किएको प्रहरी सर्जमिन मुजुल्का समेत प्राप्त भएकाले निज चन्द्रमति पुर्जा रु १५,०००/- ( अक्षेरुपी पन्ध्र हजार मात्र) **'प्रकोप व्यवस्थापन कोष'**बाट आर्थिक सहायता प्रदान गर्ने ।

**निर्णय नं ५ :**

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने ।

१) अन्नपूर्ण गाउँपालिका वडा नं ५ का वडाध्यक्ष राजेश तिलिजाको ममतामयी आमाको मिति २०८२।०६।१० गते दुखद निधन भएको हुँदा आमाप्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारमा गहिरो समवेदना प्रकट गर्ने ।

२) सङ्घीय मामिला तथा सामन्य प्रशासन मन्त्रालय ( प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP) ) कार्यक्रम समन्वय इकाई को प.स. ।२०८२।८३, चलानी नं ५९, मिति २०८२ आश्विन ०५ गतेको स्थानीत तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धी पत्रको साथ प्राप्त **"स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२"** बमोजिम हाल कार्यरत सूचना प्रविधि अधिकृतलाई सूचना प्रविधि अधिकृतलाई स्थानीय तहको सातौ तहको अधिकृत स्तरमा सम्झौता गरी कामकाज गराउन

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुने
अध्यक्ष

सक्ने भन्ने व्यवस्था बमोजिम यस गाउँपालिका कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत रमेश थापाको करार सेवा २०८२ असोज महिना देखि नै लागु हुने गरी स्थानीय तहको सातौ तहको अधिकृत स्तर कायम गरी सम्झौता नविकरण गर्ने ।

३) अन्नपूर्ण गाउँपालिकाको हालसम्म पारित भएका नीति, ऐन, नियमावली, निर्देशिका तथा कार्यविधिहरुको पुस्तक प्रकाशन गर्ने ।

४) नागी-राम्चे सडकखण्डमा गएको पहिरो हटाउनका लागि प्राविधिकबाट भएको मुल्याङ्कन बमोजिम "प्रकोप व्यवस्थापन कोष "बाट भुक्तानी गर्ने

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष